STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक २२ गते सोमबार ❑ 8 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## भाइटिका महोत्सवमा २० विदेशी सहभागी

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**



पश्चिमाञ्चल होटल संघ पोखराले तिहारका अवसरमा आयोजना गर्दै आएको भाइटिका महोत्सवमा यसपटक २० विदेशी नागरिकले टिका ग्रहण गरेका छन् ।

कोभिड-१९ को कारण दुई बर्षदेखि रोकिएको महोत्सवले यसपटक चौधौं संस्करणको रुपमा पुनः निरन्तरता पाएको हो । पोखराको लेकसाइड स्थित मम्स गार्डेन रिसोर्टमा आयोजित कार्यक्रममा रेन्वो चिल्ड्रन होमका छात्राहरुले विदेशी पर्यटकलाई टिका लगाइदिएका थिए ।

तिहारको अन्तिम दिन भाइटिकाका अवसरमा आयोजित महोत्सवमा विदेशी नागरिकलेउत्साहपूर्वकसहभागिता जनाएको आयोजक संघका अध्यक्ष लक्ष्मण सुबेदीले जानकारी दिए ।

नेपाली संस्कृतिको संरक्षण गर्दै यसैका माध्यमबाट पोखराको प्रबर्द्धनमा सघाउने उद्धेश्यले भाइटिका कार्यक्रम आयोजना गरिएको अध्यक्ष सुबेदीले जानकारी सुनाए । कार्यक्रममा चीन, रसिया, जर्मनी, फ्रान्स, कम्बोडिया र बेलारुसका पर्यटक सहभागी भएको कार्यक्रम संयोजक एवं संघका प्रथम उपाध्यक्ष दीपक श्रेष्ठले जानकारी दिए । महोत्सवमा टिका ग्रहण गर्न कतिपय विदेशी नागरिक दोहोर्‍याएर समेत सहभागी भएको उनले बताए । विदेशी नागरिकलाई टिका लगाइदिएपछि उनीहरुलाई सयपत्री फूलको माला, टोपी र सेलरोटी लगायतका परिकार छात्राहरुले पस्किएका थिए । सो अवसरमा देउसी भैलो तथा सांस्कृतिक कार्यक्रम समेत आयोजना गरिएको थियो । कार्यक्रम सुरु गर्दै संघका महासचिव राजेन्द्र ढकालले तिहार र भाइटिकाको महत्वबारे विदेशी नागरिकलाई जानकारी गराएका थिए ।

## 'मौलिक कला संस्कृतिको संरक्षणमा लाग्नुपर्छ'

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**



पाेखरास्थित फेवा टेलिभिजनद्वारा सञ्चालित फेवा चौतारी सांस्कृतिक टिमले आइतबार आयोजना गरेको देउँसीभैलो कार्यक्रममा गण्डकी प्रदेशका तीन मन्त्री छम्छम्ती नाच्नुभएको छ ।

अर्थमन्त्री रामजी बरालको निवासमा आयोजित कार्यक्रममा मन्त्री बरालसँगै भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढा र वन, वातावरण तथा भूसंरक्षणमन्त्री दीपक थापाले एउटै मञ्चमा देउसी भैलो कार्यक्रममा नृत्य प्रदर्शन गर्नुभएको हो । नेपालको मौलिक कला संस्कृतिको जर्गेना गर्ने उद्देश्यले आयोजना भएको उक्त कार्यक्रममा उहाँहरुले नेपालको मौलिक कला संस्कृतिको संरक्षणमा दिगो रुपमा लाग्न सुझाव दिनुभएको छ । पछिल्लो समयमा पश्चिमा संस्कृतिले नेपालमा प्रशय पाइरहेको अवस्थामा नेपाली लोक भाकासहितको कला संस्कृतिलाई संरक्षण गर्न आवश्यक भएको अर्थमन्त्री बरालले बताउनुभयो । यसैबीच अर्थमन्त्री निवासमा राष्ट्रिय जनमोर्चाको रक्तिम सांस्कृतिक टोलीलेसमेत देउसीभैलो कार्यक्रम आयोजना गरेका थिए । प्रदेशसभा सदस्य पियारी थापा, पार्टीका गण्डकी प्रदेश अध्यक्ष शङ्कर बरालसहितको टोली देउसीभैलोमा सहभागी हुनुभएको थियो ।

## सामाजिक न्याय बिना विकास सम्भव छैन: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले सामाजिक न्याय बिना देशको आर्थिक विकास र समृद्धि हासित गर्न नसकिने बताउनु भएको छ ।

पोखरा २२ स्थित युवाज्योति उकाला टोल विकास संस्थाको विहिबार पोखरामा आयोजना गरेको शुभकामना आदान प्रदान तथा सम्मान कार्यक्रममा बोल्दै मन्त्री बराललले सामाजिक न्याय विना कुनै पनि टोल तथा समाज र देशको विकास हुन नसक्ने दाबी गर्नु भएको हो । मन्त्री बराललले भन्नु भयो "हामीले अझै पनि सामाजिक नयाँ दिन सकेका छैनौं, सवै प्रकारका नागरिकहरु सामाजिक हिसावले सम्मानित छन तर हामीले सामाजिक न्याय अझै पनि दिन नसक्दा विकास निर्माणले गति लिन सकेको छैन ।" सकरात्मक सोच, उन्नती र प्रगतीको विकास गर्ने सपना देख्ने सोच बनाउनु पर्ने उहाँको भनाई थियो । समाजबाद उन्मुख संघिय लोकतान्तिक गणतन्त्रको प्रणाली रक्षा गर्ने प्रमुख दाहित्व माओबादीको भएको दाबी गर्दै मन्त्री बराललले उक्त प्रणाली भारतले सवै भन्दा बढी मन नपराएको आरोप लगाउनु भयो । भारत सहित पश्चिमा मुलुकहरुले समेत उक्त प्रणालीको नरुचाएको मन्त्री बराललले जनाउनु भयो । नेपालको सन्दर्भमा १०/१५ बर्ष सहमती प्रणाली अपनायर माओबादी अघि बढ्न चाहेको मन्त्री बरालको भनाई छ । फलेटे देखि पुम्दीकोट जाने बाटोको स्तरोन्नती सहितका अन्य भौतिक संरचनामा केही न केही सहयोग गर्ने उहाँले वचन दिनु भयो ।

यसैबिच टोलरत्न सम्मानबाट स्थानिय प्राध्यापक डा. ओमप्रसाद बराल सम्मानित हुनु भएको छ । पोखरा २२ पुम्दीको सिउँडबारी निवासी प्राध्यापक डा. बराल स्वास्थ्य शिक्षा बिषयमा विधावारिधि सहित शैक्षिक क्षेत्रको उत्कृष्ट उपाधि हासिल गरी विश्वबिद्यालय सेवामा पुराएको योगदानको कदर गर्दै संस्थाले सम्मान गरेको हो । सम्मानित व्यक्ति प्रा.डा. बराललाई मन्त्री बराल, टोल विकास संस्थाका अध्यक्ष भूवानी प्रसाद बराललले सम्मान पत्रको साथमा दोसल्ला तथा फुल मालाले सम्मान गर्नु भएको हो ।

पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बराललले जनताको हाल धेरै अपेक्षा सडक बाटो नै भएकाले त्यस तर्फ ध्यान केन्द्रित गर्न मन्त्री समक्ष आग्रह गर्नुभयो । पुम्दीकोट कोट विकास संस्थाका अध्यक्ष चन्द्रकान्त बराललले पुम्दीकोटमा निर्माण हुदै गरेको बिशाल महादेवको मुर्ति निर्माणको क्रममा हाल ३ करोड ऋण भएकोले पुनः महायज्ञ लगाउने गृहकार्य सुरु भएको बताउनु भयो ।

## घोषणा हुँदै एकीकृत समाजवादी निकट प्रेस संगठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) निकट समाजवादी प्रेस संगठन नेपालले यही कात्तिक २७ गते काठमाडौँमा घोषणासभा गर्ने भएको छ ।

संस्थापक केन्द्रीय तदर्थ समिति र केन्द्रीय पदाधिकारीको नाम सार्वजनिक गरिने उक्त सभामा सङ्गठनलाई व्यवस्थित तथा थप व्यावसायिक बनाउन आवश्यक छलफल गरी रणनीति तय गरिने सङ्गठनका नेता विश्वमणि सुवेदीले जानकारी दिनुभयो । संगठनले हालै जिम्मेवारी प्रदान गरेका प्रदेश इन्चार्ज, सहइन्चार्ज, संयोजक र सचिवले सम्बन्धित प्रदेशस्थित सङ्गठनको केन्द्रीय संस्थापकसहित तोकिएका नेताले जिल्ला संयोजकको नाम टुङ्गो लगाइ केन्द्रीय कार्यालयलाई नाम पठाउनुपर्ने छ । सोही प्रकारको संरचनाबाट चाँडो प्रदेश कमिटीलाई पूर्णता दिइने छ ।

त्यसैगरी राष्ट्रिय भेला आगामी पुस ५ गते गरिने भएको छ । काठमाडौँ उपत्यका बाहिर गरिने सो भेला मकवानपुर तथा चितवनमा गर्न प्रस्तावित गरिएकाले स्थान भने निश्चित भइसकेको छैन ।

## प्रजातन्त्रका सेनानी स्व. राजेन्द्रको स्मृतीमा प्रकाशित कृतिको लोकार्पण

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**



समाजीक व्यक्तित्व एवं प्रजातन्त्रका सेनानी स्वर्गीय राजेन्द्र प्रसाद त्रिपाठीको स्मृतीमा प्रकासित स्मृती ग्रन्थको पुर्व सभामूख एवं नेपाली काग्रेसका नेता तारानाथ रानाभाटले एक समारोहका वीच लोकार्पण गर्नुभयो ।

शैक्षिक, सामाजिक, राजनीतिक र विकासप्रेमी नेताका रुपमा आफ्नो छवी वनाएका राजेन्द्रप्रसादको ८३ वर्षको उमेरमा २०७७ वैशाख ३० गते आफ्नै निवास पोखरा २८ कालिकामा निधन भएको थियो । स्वर्गीय त्रिपाठीले गरेको संघर्ष राजनीतिक एवं सामाजिक कार्यहरुको ईतिहासलाई जीवन्त राख्न सममाजसेवी ऋषिराम त्रिपाठीको संयोजकत्वमा स्व राजेन्द्र प्रसाद त्रिपाठी स्मृती ग्रन्थ प्रकाशन समिति गठन गरेको थियो । तत्कालीन कालीका गाविसको पुर्व प्रधानपञ्च भएर काम गरिसकेको स्वर्गीय त्रिपाठीले विशेषत स्थानीय विकासको लागी उल्लेख्य योगदान गरेका थिए । राजनीतिमा रहदा व्यक्तिगत स्वार्थ भन्दा माथी उठेर काम गरेका स्वर्गीय राजेन्द्रले समाजसेवामै रहदा आफ्नो लाखौ मूल्यको जग्गा समेत वेच्नुपरेको थियो । स्वर्गीय राजेन्द्र त्रिपाठीले गरेका योगदानको उच्च मूल्याङ्कन गर्दै स्थानीय तहवाट २०७७ वैशाख २५ गते उहाको चौरासी पुजा र नागरिक अभिनन्दन एकसाथ गर्ने तयारी भएको थियो । तर महामारीको रुप लिएको कोभिड १९का कारण सोही समयमा अभिनन्दन हुन पाएन । अन्तत त्यसको ५ दिन पछि उहाको स्वर्गारोहण भयो । पुस्तकको विमोचन गर्दै पुर्व सभामुख एवं नेपाली कांग्रेसका नेता तारानाथ रानाभाटले राजनीतिमा आँफु समेत स्वर्गीय त्रिपाठीको अनुयायी भएको वताए । स्वर्गीय त्रिपाठीले प्रधानपञ्च हुदा विकासका योजनामा स्रोतको समानुपातीक वाँडफाड गरेको स्मरण गर्दै पुर्वसभामुख रानाभाटले जेलनेल, दुखकस्ट नभनी राजनीतिक चेतनाको अभियानमा स्वर्गीय त्रिपाठी सँधै सक्रीय रहेको समरण गरे । पुर्व मन्त्री यज्ञवहादुर थापाले राष्ट्र र जनता र पार्टीप्रती जिम्मेवार रहेर काम गर्ने नेताको खडेरी भएकावेला स्वर्गीय राजेन्द्र जस्तो व्यक्तिको खाचो औंल्याउनु भयो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख वैन वहादुर क्षेत्रीले स्वर्गीय त्रिपाठीले साविक कालिका गाविसमा रहेरशिक्षा, स्वासथ्य, शडक, भु संरक्षण लगाएतका विभिन्न विकासका पुर्वाधार निर्माणमा गररेका कामहरुको स्मरण गर्नुभएको थियो ।

पुस्तकको समिक्षा गर्दै समालोचक पदमशरण रेग्मीले सामाजिक, धार्मीक, पारिवारीक संरक्षक आदी दृष्टीकोणवाट ७१ वटा लेख मार्फत वहुआयामीक व्यक्तित्वका रुपमा स्वर्गीय त्रिपाठीको व्याख्या गरिएको वताए । स्वर्गीय त्रिपाठीको छोरा किर्तिवल्ल्भ त्रिपाठीले वुवाको स्मृती ग्रन्थ प्रकासन गर्ने र लोकापर्ण समारोहमा उपस्थित सवैलाई धन्यवाद व्यक्त गरे । स्मृती ग्रन्थ प्रकाशन समितिका अध्यक्ष ऋषिराम त्रिपाठीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा उनका सहपाठी परासर चापागाई, नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसी, कांग्रेस कालीकाका वडा सभापति विश्वरमण अधिकारी, भानू ढकाल लगाएतले स्वर्गीय त्रिपाठीले गरेका योगदानको चर्चा गरेका थिए ।

leadership
mentoring
programme
A year-long mentorship programme for young women in Nepal to enhance leadership skills
Deadline: Tuesday, 16 November 2021, 23:59 NPT
To Apply: bit.ly/3ALJ1XL

काठमाडौं स्थित बेलायती दूतावासले महिला तथा बालिकाहरुलाई सशक्तिकरण गर्न सहयोगी सम्बन्ध निर्माण र प्रवर्द्धन गर्नु महत्वपूर्ण रहेको विश्वास गर्दछ। तसर्थ, बाल बालिकाको अन्तर्राष्ट्रिय दिवस २०२१ मा, महिलाहरुले नेतृत्व गरेका दूतावास र विकास एजेन्सीहरुको समूहद्वारा सञ्चालित यस एक वर्ष लामो मार्गदर्शन कार्यक्रमको हिस्सा बन्न, हामी नेपालका सबै युवा महिलाहरूलाई आह्वान गर्दैछौं।

सफल उम्मेदवारहरुले आफ्नो नेतृत्व सिप विकास गर्नका निम्ति काठमाडौं स्थित महिला राजदूतहरु र एजेन्सीहरुका प्रमुखहरुबाट मार्गनिर्देशन (मेन्टरीङ) प्राप्त गर्ने अवसर पाउनेछन्।

सफल आवेदकहरुलाई निम्न अनुभवी सहयात्रीहरु (मेन्टर्स) मध्ये एकद्वारा मार्गनिर्देशन गरिनेछ:

- नेपालका लागि बेलायती राजदूत, महामहिम निकोला पोलिट् (Nicola Pollitt)
- नेपालका लागि अस्ट्रेलियाली राजदूत, महामहिम फेलीसिटी भोल्क (Felicity Volk)
- नेपालका लागि युरोपियन यूनिएनका राजदूत, महामहिम नोना डुप्रेज (Nona Duprez)
- नेपालको लागी स्विट्जरल्याण्डका राजदूत, महामहिम एलीजाबेथ भन कपेलर (Elisabeth von Capeller)
- यूएसएआईडीकी प्रमुख सेपीडे कीभ्यान्सड् (Sepideh Keyvanshad)
- ब्रीटिस काउनशील नेपालकी राष्ट्रिय निर्देशक शाहीदा म्याकडोगल (Shahida MacDougall)
- संयुक्त राष्ट्रसंघका आवासीय संयोजक, सारा बेसोलो न्यान्टी (Sara Beysolow Nyanti)
- नेपालका लागी यूनीसेफकी प्रतिनिधि एल्के विस्च (Elke Wisch)
- यूएनडीपीकी आवासीय प्रतिनिधि एशानी मेडागान्गोडा- लाबे (Ayshanie Medagangoda–Labe)

कसरी आवेदन पेश गर्ने भनेर पूर्ण जानकारी पाउनको लागि, कृपया www.gov.uk/government/news/participate-in-a-womens-leadership-mentoring-programme-in-nepal मा जानुहोस्।

# मुख्यमन्त्री पोखरेल गृहजिल्ला भ्रमणमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल बुधबार दिनभर गृहजिल्लाका कार्यक्रममा व्यस्त रहे। मुख्यमन्त्री पोखरेलले मध्यबिन्दु जिल्ला अस्पतालमा निर्मित क्षयरोग प्रेषण केन्द्र भवनको उद्घाटन गरेका छन्।

जटिल प्रकारका क्षयरोग प्रेषण केन्द्रको भवन नयाँ जीवनका लागि हातेमालो र दामियन फाउन्डेसन बेल्जियम नेपालको १ करोड २६ लाख लागतमा निर्माण गरिएको हो। हाल १५ बेड रहेकामा छिटै नै २५ बेडको बनाइने दामियन फाउन्डेसनका नेपाल प्रमुख डा. सुशील कोइरालाले जानकारी दिए। उक्त अवसरमा मुख्यमन्त्री पोखरलले प्रदेशवासीको स्वास्थ्यका लागि सरकार संवेदनशील रहेको भन्दै क्षमता अनुसारका कार्यक्रम अगाडि सारेको भनाइ राखे। प्रदेशका बासिन्दालाई कोरोनाविरुद्धको खोप दिलाउनका लागि सरकारले १ अर्ब विनियोजन गरे पनि प्रदेशले सिधै खरिद गर्ने अवस्था नरहेकाले संघकै भर पर्नु परेको भनाइ उनले राखे। संघसँगकै सहकार्यमा पर्याप्त खोप ल्याएर नागरिकलाई उपलब्ध गराइको र अब छिटै प्रदेश पूर्णखोपयुक्त हुने मुख्यमन्त्रीले बताए।

पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सको उपचार निशुल्क घोषणा भइसकेको र अब प्रदेशमा रगतका लागि कुनै रकम नलाग्ने व्यवस्था गर्न लागिएको समेत उनले जानकारी गराए। मृगौला बिरामीहरु अहिले पनि डायलासिसका लागि पालो कुर्नुपर्ने अवस्था रहेको भन्दै उनले अब सबै बिरामीले तत्कालै डायलासिस गराउने प्रबन्ध सरकारले मिलाउन लागेको बताए। कार्यक्रममा गण्डकी प्रदेश सभा विधायन समिति सभापति विष्णु लामिछानेले स्वास्थ्य क्षेत्रमा हुँदै गएको सुधारप्रति सन्तोष व्यक्त गरे। ग्रामीण भेगमा अझै पनि क्षयरोगका बिरामी प्रशस्त रहेको थाहा पाउँदा दुख लागेको भन्दै उनीहरुको खोजबिन गरेर उपचार गराउनुपर्नेमा जोड दिए।

गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसंख्या सचिव डा. विनोदबिन्दु शर्माले टिबी रिफरल सेन्टर स्थापनाले प्रदेशको स्वास्थ्य प्रणालीमा अभूतपूव काम भएको बताए। कम उमेरका व्यक्तिमा समेत टिबी देखिन थाल्नु भनेको समुदायस्तरमै रोग रहेको प्रमाण हो भन्दै सबै सरोकारवाला मिलेर बिरामीको खोजबिन गरी आइसोलेसनमा राख्नुपर्ने बताए।

उक्त अवसरमा राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा. प्रकाशकुमार साह, नवपुरका प्रमुख जिल्ला अधिकारी मनमाया पंगेनी, मध्यबिन्दु जिल्ला अस्पतालका मेडिकल सुपरीडेन्डेन्ट डा. वीरबहादुर थापालेसहितले भनाइ राखेका थिए। मुख्यमन्त्री पोखरेलले बुधबारै मध्यविन्दु नगरपालिका १,२ र ३ नम्बर वडामा सञ्चालित कोल्हुवा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको आठौं वार्षिक साधारणसभा उद्घाटन गरेका छन्। प्रदेशवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन सरकारले एक घर एक धारको अभियान सञ्चालन गरेको र यो अभियान अब छिटै पूरा हुने विश्वास व्यक्त गरे। कार्यक्रममा विधायन समिति सभापति विष्णु लामिछाने, प्रमुख जिल्ला अधिकारी मनमाया पंगनी, समितिका अध्यक्ष श्रीधर भट्टराईसहितले भनाइ राखेका थिए। मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरलेलले मध्यबिन्दु नगरपालिका ४ मा निर्मित नारायणी स्वास्थ्य चौकीको उद्घाटन गरेका छन्। स्वास्थ्य चौकीमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी उपलब्ध गराई बर्थिङ सेन्टर सञ्चालनका लागि प्रदेश सरकारले पहल गर्ने प्रतिबद्धता उनले जनाए। वडाध्यक्ष पदमनारायण चौधरीले ४ नम्बर वडा मात्र नभएर आसपासका क्षेत्रका बासिन्दालाई समेत सेवा दिने गरी यो चौकी स्थापना गरिएको बताए। मुख्यमन्त्री पोखरेलले हुप्सेकोट गाउँपालिकाको पत्थरखोलास्थित जीण पुलको अवलोकन समेत गरेका छन्। पालिका अध्यक्ष लक्ष्मी पाण्डेको आग्रहमा उनले पुल अवलोकन गरेका हुन्। गाडी आउजाउ अत्यधिक हुने पुल बाढीले क्षति पुऱ्याएकोमा मर्मतका लागि अध्यक्ष पाण्डेले आग्रह गरिन्। कावासोतीमा रहेको कुमारवर्ती बहुमुखी क्याम्पसमा समेत मुख्यमन्त्री पोखरेलले बुधबारै अवलोकन गरेका छन्। सञ्चालक समिति अध्यक्ष महेन्द्रप्रसाद पोखरेल र क्याम्पस प्रमुख गुरुप्रसाद सुवेदीले क्याम्पसमा प्राविधिक शिक्षाका लागि कम्प्युटर अभाव भएकाले प्रदेश सरकारसँग सहयोगको अपेक्षा गरिएको बताए।

# अनुसन्धान केन्द्रित शिक्षण अभ्यासमा जोड देऊ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**




गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले अनुसन्धान केन्द्रित शिक्षण अभ्यासमा जोड दिनुपर्ने बताएका छन्। बिहीबार गैंडाकोटमा भएको शिक्षा सेवा नेपालको चौथो साधारणसभा तथा अधिवेशनको उद्घाटन कार्यक्रममा उनले अनुसन्धानले नै शिक्षाको महत्व बढाउने भएकाले त्यसमा लगानी बढाउन जरुरी रहेको भनाइ राखेका हुन्। विदेशका विश्वविद्यालय र शैक्षिक संस्थाहरु अनुसन्धानमा नै केन्द्रित हुने भएकाले शिक्षा प्रभावकारी भएको उनको भनाइ थियो।

उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले शिक्षा सेवा समाज नेपाल स्मारिका २०७८ पनि विमोचन गरे। स्मारिकामा संस्थाका गतिविधिका अतिरिक्त अनुसन्धानमूलक लेखहरु सामावेश छन्। मुख्यमन्त्री पोखरेलले प्रदेशले व्यावासायिक शिक्षामा जोड दिएको भन्दै गण्डकी विश्वविद्यालयको स्थापना त्यसैका लागि गरिएको भनाइ राखे। सरकारले प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्न लागेको र यसले प्राविधिक शिक्षालाई नै जोड दिने उनको भनाइ थियो। आफ्नो नेतृत्वमा सरकार बनेपछि शिक्षा नीति आएको र यसमा प्राविधिक र व्यावहारिक एवं जीवनोपयोगी शिक्षामै जोड दिइएको उनले बताए। शिक्षाको विकासमा निजी क्षेत्रको योगदानलाई बिर्सन नहुने भन्दै सामुदायिक र सरकारी स्कुल तथा कलेजलाई पनि प्रभावकारी बनाउन सरकारले लगानी गर्ने भनाइ उनले राखे। संघीयतापछि शैक्षिक क्षेत्रमा देखिएको अन्योलता चिर्न अब ढिला भइसकेको भन्दै उनले संघीय सरकारले शिक्षा ऐन ल्याउन ढिलाइ गर्दा प्रदेशले पनि ल्याउन नसकेको बताए। उनले भने, 'संघीय सरकारले शिक्षा ऐन नल्याए प्रदेश सरकारले ऐन बनाएर लागु गर्छ। बाझिएका विषय पछि स्वतः खारेज हुनेछन्। उक्त अवसरमा समाजका अध्यक्ष खड्गबहादुर कमालले शिक्षा क्षेत्रमा काम गरेर अवकाश भएकाहरुको पहिलमा संस्था गठन भएको बताए। लामो समयसम्म सरकारी सेवामा लागेर निवृत्त भएकाहरुको अनुभव साट्न, सरकार र समाजलाई सहयोग गर्नु समाजको मुख्य उद्धेश्य रहेको भनाइ उनको थियो। उनले भने, 'सेवा निवृत्तपश्चात बाँकी जीवनलाई क्रियाशील बनाउन, आफ्ना खारिएका अनुभवलाई बहालवाला कर्मचारीको बीचमा पुऱ्याउन संस्था स्थापना गरिएको हो।' उक्त अवसरमा नेपाल सरकारका सहसचिव दिनेशकुमार श्रेष्ठले शिक्षालाई जीवनोपयोगी र व्यावहारिक बनाउन सरकारले हरसम्भव प्रयास गरेको भनाइ राखे। उक्त अवसरमा भरतपुर महानगरपालिकाउपमेयरपार्वतीशाह ठकुरी, गैंडाकोट नगरपालिकाका उपमेयर विष्णुदेवी कँडेल सापकोटा, जनता नमुना मावि गैंडाकोटका प्रधानाध्यापक चूडामणि शर्मा, प्याब्सन प्रतिनिधि गोपेन्द्रकेशरी न्यौपाने लगायतले शिक्षाको महत्वका बारेमा भनाइ राखेका थिए। उक्त अवसरमा संस्थाका उपाध्यक्ष लोकनाथ पौडेल, सचिव गोपालप्रसाद कँडेलसमेत बोलेका थिए।

शिक्षा सेवा समाज नेपालको अध्यक्षमा लोकनाथ पौडेल चयन भएका छन्। बिहीबार गैंडाकोटमा भएको साधारणसभा तथा अधिवेशनबाट उनी अध्यक्षमा चयन भएका हुन्। उपाध्यक्षमा दोलराज पाण्डे, सचिवमा गोपाल कँडेल, सहसचिवमा कृष्णचन्द्र पोखेल र कोषाध्यक्षमा दीपेन्द्र श्रेष्ठ चयन भएका छन्। यसैगरी सदस्यहरुमा भूमिलाल सुवेदी, हेमचन्द्र पौडेल, मोहन नरसिंह बोगटी, अनिमा घिमिरे, रामकुमार श्रेष्ठ र कृष्णप्रसाद सिग्देलचयन भएका छन्।

# राष्ट्रिय जनगणना: तनहुँमा ४९० गणक खटाइने

**पोखरापत्र संवाददाता**
**दमौली, २१ कार्तिक**

तनहुँमा राष्ट्रिय जनगणनाका लागि ४९० गणक परिचालन गरिने भएको छ। जिल्ला जनगणना कार्यालयले मूल गणनाका लागि ४९० गणक खटाउने भएको हो।

यही कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म सञ्चालन हुने जनगणनाका लागि कार्यालयले आवश्यक तयारी थालेको छ। यसका लागि कार्यालयले गणकका लागि चारदिने तालिम दिएको छ। दशवटै पालिकामा खटिने गणकका लागि पाँच ठाउँमा तालिम सञ्चालन गरिसकिएको जिल्ला जनगणना अधिकारी नन्दलाल सापकोटाले जानकारी दिनुभयो।

व्यास नगरपालिकाको आदिकवि भानुभक्त क्याम्पस, भिमाद नगरपालिका र घिरिङ तथा ऋषिङ गाउँपालिकाको भिमाद बजारमा, बन्दीपुर गाउँपालिका र भानु नगरपालिकाको डुम्रे बजारमा, देवघाट र आँबुखैरेनी गाउँपालिकाको आँबुखैरेनी बजारमा र शुक्लागण्डकी नगरपालिका र म्याग्दे गाउँपालिकाको बेलचौतारामा तालिम सञ्चालन गरिएको थियो। तालिममा ४९० गणक र ३२ जना सुपरीवेक्षकको सहभागिता थियो।

उहाँ अनुसार तालिममा घरपरिवारमा पुगेर जनगणना गर्दा अपनाउनुपर्ने तरिका, प्रक्रिया र मुख्य प्रश्नावली भर्ने तरिकाका बारेमा सिकाइएको छ। सुपरीवेक्षकले गत भदौ ३० देखि असोज १८ गतेसम्म घरपरिवार सूचीकरण गरिसकेका छन्। सोहीका आधारमा अब गणकले कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म मूल गणना गर्नेछन्।

गणकमार्फत् प्रत्येक घरपरिवारमा पुगी प्रश्नावलीमार्फत पारिवारिक विवरण तथा व्यक्तिको जन्म, मृत्यु, बसाइँसराइलगायतका विवरण सङ्कलन गरिनेछ। दोस्रो चरणको गणनाअन्तर्गत नै सबै स्थानीय तहका प्रत्येक वडा कार्यालयबाट वडास्तर सामुदायिक प्रश्नावलीमार्फत वडाको आधार भूत स्रोत, साधन, पहुँच, क्षमता, पूर्वाधार र विपद्सम्बन्धी विवरण पनि सङ्कलन गरिने छ।

सोही क्रममा घरपालुवा पशुपक्षीको विवरण पनि सङ्कलन हुनेछ। जनगणनाबाट वडास्तरसम्मको लैङ्गिक तथा समावेशी तथ्याङ्क प्राप्त हुने भएकाले विकास निर्माणका काम तथा लक्षित वर्गका कार्यक्रम तर्जुमा गर्न तथा नीति र योजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। त्यस्तै बाटोघाटो, पुल, विद्यालय, उद्योगधन्दा, स्वास्थ्य सेवा, खानेपानी, बिजुली, सिँचाइ, खाद्यान्न आपूर्ति, बसोबासको व्यवस्था, विकास बजेटको बाँडफाँट, सामाजिक सुरक्षा कार्यक्रम तर्जुमा र मानव विकास प्रक्रियामा पछाडि परेका समुदायको उत्थानका कार्यक्रम सञ्चालन गर्न तथा संविधानको मौलिक हकलगायत अन्य हकको कार्यान्वयन र मूल्याङ्कन गर्न आवश्यक तथ्याङ्क प्राप्त हुने हुँदा जनगणनाको महत्व छ।

जिल्लामा ९१ हजार घरपरिवार सूचीकृत गरिएको छ। जनगणनाको पहिलो चरणअन्तर्गत गत भदौ ३० देखि असोज १८ गतेसम्म गरिएको गणनामा जिल्लाका ९१ हजार घरपरिवार सूचीकृत गरिएको हो। पहिलो चरणअन्तर्गत १३० सुपरीवेक्षकले घरपरिवार सूचीकृत गरेको जिल्ला जनगणना अधिकारी सापकोटाले जानकारी दिनुभयो। विसं २०६८ को जनगणनाअनुसार जिल्लामा ७८ हजार ३०९ परिवार सूचीकृत गरिएको थियो भने तीन लाख २३ हजार २८८ जनसङ्ख्या थियो।

# पोखरामा शंखधर साख्वा:को शालिक अनावरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

नेपाल सवत्का प्रबर्द्धक राष्ट्रिय विभूति शंखधर साख्वाको पोखरामा शालिक अनावरण गरिएको छ।

पोखरा महानगरपाकिला वडा नम्बर-३ नदिपुरमा रहेको नारायणस्थान मन्दिर परिषरमा रहेको विरेन्द्र पार्कमा शाख्वाको पूर्णकदको शालिक शुक्रबार एक समारोहका विच अनावरण गरिएको हो।

नेपाल सवत १४४२ को प्रारम्भवको अवरमा शंखधरको शालिक अनावरण गर्दै नेपाली कांग्रेसका संगठन विभाग प्रमुख एवं पूर्व उप्रधानमन्त्री गोपालमान श्रेष्ठले समाजमा रहेका विपन्न व्यक्तीहरुको पहुच स्थापित गर्नका लागि समताको आधार समेत आत्मसाथ गर्नुपर्ने बताए। काठमाण्डौंको विभिन्न चोकमा शंखधरको शालिक स्थापना भए पनि काठमाण्डौं बाहिर पोखरामा पनि बनाउन सुरु हुनु प्रशम्सनिय कार्य भएको उनले जनाए। कागेंस प्रतिपक्षको भूमिका रहदा देशमा ठुलो क्षती भएको दाबी गर्दै नेता श्रेष्ठले एमाले अध्यक्ष केपी शर्मा ओलीको संसद विघटन गरेको कारण आज कागेंस गठबन्धन गर्दै सरकारमा गएको जनाए।

उक्त शालिक अनावरपश्चात नेता श्रेष्ठले गरिब जनताको ऋण मुक्त गर्ने साख्वाको योगदानको कदर गर्दैं सरकारले राष्ट्रिय विभूतिको रुपमा सम्मान गरेको बताए। साख्वा अनुकरणीय व्यक्तीत्व, सामाजिक कार्यमा उहाँको योगदान अतुलनीय भएको उनको भनाई थियो। समाज रुपान्तरणमा साख्वाः को योगदान र विचार हामी सबैका लागि अनुकरणीय र प्रेरणदायी बन्न सक्दछ नेता श्रेष्ठले भने।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश मामिला मन्त्री विन्दु कुमार थापाले साख्वाको शालिक स्थापनाले पोखराको पर्यटन प्रबर्द्धनमा समेत मद्धत पुग्ने विश्वास व्यक्त गरे। नारायणथान क्षेत्रको विकास गर्न एउटै मुल समिति बनाएर एकिकृत प्रयास गर्नुपर्ने उनले बताए।

कार्यक्रममा नेवा खलः कास्कीका अध्यक्ष असोक पालिखे, पोखरा महानगर वडानम्बर ३ का अध्यक्ष रबिन्सन प्रजु लगायतले विरेन्द्र पार्क क्षेत्रको विकासका लागि थप काम गर्नुपर्ने माग गरे। कार्यक्रममा झाकी समेत प्रदर्शन गरिएको थियो।







## राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- वैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न।

नेपाल सरकार
विज्ञापन बोर्ड



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फ्रेड डे

## सम्पादकीय

# बारले आन्दोलनको स्वरुप फेर

नेपाल वार एसोसिएसनले प्रधानन्यायाधीश चोलेन्द्र शंशेर जबराको राजीनामा मागेर सुरु गरेको विरोधको कार्यक्रम निरन्तरता दिने भएको छ । पहिलो चरणको कार्यक्रम काठमाडौं केन्द्रीत रहेकोमा दोस्रो चरणमा कसरी अगाडि बढ्ने भनेर आइतबार इकाईका पदाधिकारीसँग छलफल गरेको छ । राजनीतिक दलले प्रधानन्यायाधीश जवराको राजिनामा बारे औपचारिक धारणा बनाउन नसक्दा वारको आन्दोलन लम्बिने भएको छानेपाल बारले आइतबार २५ इकाईका २९ जना पदाधिकारीको सुझाव लिइएको छ । सोमबार पनि बारका इकाईका पदाधिकारीबाट सुझाव लिने क्रम जारी रहनेछ ।

४० इकाईका पदाधिकारी जोडिएकोमा बोल्ने इकाईका पदाधिकारीले धेरै समय लिएकाले एकै दिनमा सुझाव लिने कार्यक्रम नसकिएको बारले जानकारी गराएको छ । बारले गरेको निर्णयमा साथ र सहयोग रहन्छ भनेर प्रतिबद्धता जनाएका छन । बार इकाईका अध्यक्ष र सचिवहरूले सुझाव दिने क्रममा प्रधानन्यायाधीशले राजीनामा नगरेसम्म आन्दोलन गर्नुहोस् हाम्रो साथ रहने वचन दिएका छन । न्यायालय सुधारका लागि प्रधानन्यायाधीशको राजीनामा एकमात्र विकल्प भएको इकाईका पदाधिकारीले सुझाव दिएको र त्यसभन्दा तल रहेर सम्झौता नगर्न इकाईका पदाधिकारीले सुझाव दिएको छ बारले आन्दोलन विस्तार गर्नुपर्ने र त्यसमा न्यायालयका उपभोक्ताहरूको हित पनि हेर्न सुझाव दिएका छन ।

सर्वोच्चका न्यायाधीशहरू इजलास बहिष्कार गर्दै आएका छन।बन्दीहरूको मुद्दा समेत नहेरी इजलास बहिष्कार गर्दा त्यसले अदालतप्रति अनास्था बढाउँछ । आन्दोलन एकचोटी नगरीकन निरन्तरता दिनु उपभोक्ताको विरुद्ध हुन्छ । सबै अदालत ठप्प पार्ने किसिमले कार्यक्रम र आन्दोलन फराकिलो बनाउने सुझाव छ । प्रधानन्यायाधीशको राजीनामाको माग राखेर कुनै एक दिन मुलुकभरका अदालत ठप्प पार्न तयार रहेको र त्यसका लागि कार्यक्रम ल्याउन सुझाव आएको छ । दिनदिनै ठप्प पार्दा समस्या हुने भएकाले कुनै एक दिन सबै अदालत ठप्प पार्ने र बाँकी दिन निश्चित समय विरोध गर्ने कार्यक्रम ल्याउन सुझाव सर्प पनि मर्नेको लठ्ठी पनि नभाँचिने उपाय हो ।

नेपाल बारका देशभर ९० इकाई छन् । अधिकांश बार इकाईसँग परामर्श गरेर आगामी कार्यक्रम तय गरिने भएको छ । प्रधानन्यायाधीश जबराले सर्वोच्च अदालतमा न्यायिक विचलन ल्याएको, न्यायको मूल्यमा सौदाबाजी गरेको, न्यायमा अवरोध गरेको र न्याय प्रशासनमा खेलबाड गरेको भन्दै १९ न्यायाधीशले इजलास बहिष्कार गरेका छन् । उनीहरूले कात्तिक ८ गतेयता बन्दी प्रत्यक्षीकरण बाहेकका मुद्दाको सुनुवाइ गरेका छैनन् । त्यस्तै, नेपाल बारले पनि प्रधानन्यायाधीशलाई राजीनामा गर्न भन्दै विरोधका कार्यक्रम गरिरहेको छ । निरन्तरको आन्दोलन र न्यायाधीशहरूको इजलास बहिष्कार उपभोक्ताको हितमा नहुने बार ईकाईको सुझाबलाई आधार मानेर चल्नु बुद्धिमानी हुनेछ ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : सत्कार मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : आर्थिक समस्या |
| सिंह | : शत्रुको भय | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भन्नुहोस् ।


# मुद्दाको वैज्ञानिक व्यवस्थापन हुँदा न्याय सम्पादनमा सहजता

–खेमराज गौतम

बागलुङ, २१ कार्तिक

'ढिलो न्याय पाउनु भनेको अन्याय हुनु हो' । नेपालमा न्याय प्रक्रिया ढिलो, झन्झटिलो र खर्चिलो हुने आम जनगुनासो छ । पछिल्लो समय त्यसलाई सम्बोधन हुनेगरी न्यायलयमा विस्तारै परिवर्तन आउन थालेको छ ।

न्याय सम्पादनलाई छिटो, सरल र कम खर्चिलो बनाउनका लागि अदालतले रणनीतिक योजना बनाएर लागू गरिरहेको अवस्था छ । रणनीति योजना बनाएर लागू गरेपछि उच्च अदालत पोखरा बागलुङ इजलाशमा एक वर्षभन्दा पुराना मुद्दा ज्यादै न्यून छन् । अदालतमा एक वर्षदेखि १८ महिनासम्मका जम्मा ५३ मुद्दा फछ्र्यौट हुन मात्रै बाँकी रहेका छन् ।

अघिल्ला वर्षको तथ्याङ का हेर्ने हो भने लामो समयदेखि फछ्र्यौट हुन बाँकी रहेका मुद्दा बढी देखिँदै आएको छ । न्यायालयलाई प्रविधिमैत्री बनाउँदै मुद्दाको वैज्ञानिक व्यवस्थापनका आधारमा टुङ्गो लगाउन थालिएको उच्च अदालत पोखरा बागलुङ इजलाशका मुख्य न्यायाधीश द्वारिकामान जोशीले जानकारी दिनुभयो ।

मुद्दाको प्रकृतिको आधारमा वर्गीकरण गर्दा न्याय सम्पादनमा छिटोछरितो हुनेगरेको उहाँको भनाइ छ । "न्यायालय पुरानै अवस्थामा छन्, झन्झटिलो छ, पेशीको विषयमा जानकारी छैन, तारेक बुझ्ने सम्बन्धित अदालतमै पुनुपर्नेजस्ता नागरिकको गुनासो थियो । अहिले हामीले पूरै परिवर्तन गरी पायकपर्ने अदालतमा तारेक बुझ्न पाइने, मुद्दा दर्ता गर्नासाथ यसको टुङ्गो लाग्ने समय निर्धारण गर्ने, एउटा अदालतको मिसिल अर्को अदालतबाट हेर्न सकिनेलगायतका काम गर्दै आएका छौं", उहाँले भन्नुभयो, "मुख्य कुरा मुद्दा दर्ता हुँदाको दिन नै न्याय सम्पादन हुने समय निर्धारण कम्प्युटरले देखाउँछ, मुद्दाको वैज्ञानिक व्यवस्थापनले न्याय प्रक्रियालाई जनमुखी बनाएको छ ।" न्यायका लागि न्यायालय धाउदाधाउँदै धेरैखर्च हुने गरेको गुनासो बढेपछि अहिले पायकपर्ने स्थानको अदालतबाट समेत तारेक बुझ्न पाउने व्यवस्था भएको छ । विसं २०७२ देखि नेपालका जुनसुकै अदालतबाट तारेक बुझ्न सकिने व्यवस्था गरेको छ ।

मुद्दाको पक्ष, विपक्ष तथा सार्वजनिक महत्व, जनचासो र मुद्दाको प्रकृतिका आधारमा तीन भागमा विभाजन गरेर फैसला गर्ने गरेको उच्च अदालत पोखरा बागलुङ इजलाशका रजिष्ट्रार नेत्रप्रसाद भुषालले जानकारी दिनुभयो । उहाँका अनुसार सरल मार्गमा रहेका मुद्दा छ महिनाभित्र, सामान्य मार्गमा रहेका मुद्दा एक वर्षभित्र र विशेष मार्ग समूहमा रहेका मुद्दा अठार महिनाभित्र फछ्र्यौट गर्ने गरिएको छ । यस्तै निवेदन तथा प्रतिवेदन एक महिनाभित्र फछ्र्यौट हुने गरेको छ । "अदालतमा मुद्दा दर्ता कम्प्युटरको सफ्टवयरमा भरिन्छ,त्यसमापक्षविपक्षलगायतका सम्पूर्ण विवरण भर्दासाथ उक्त सफ्टवयरले मुद्दा सरल मार्ग हो की विशेष मार्ग हो भनेर छुट्याउने मात्रै गर्दैन, यति समयभित्र मुद्दा फछ्र्यौट हुन्छ भनेर समय तालिका प्रदान गर्छ । यसले कति समयभित्र मैले न्याय पाउँछु भन्नेसमेत सम्बन्धीत नागरिकलाई थाहा हुन्छ, उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "यस अदालतमा दश मिनेटमा मुद्दा दर्ता र १५ मिनेटमा फैसलाको नक्कलप्रति दिने व्यवस्था गरिएको छ । यसले अदालत र नागरिकबीचको दूरी नजिक भएको छ ।"

अब जनता न्याय नपाएर फर्कनुपर्ने अवस्था अदालतमा नरहेको उहाँको भनाइ छ । बागलुङ इजलाशले वैतनिक कानुनी सेवालगायत वेवसाइटमार्फत न्यायिक सूचना प्रवाहको व्यवस्था समेत गरेको छ । न्यायाधीश श्रीकान्त पौडेलका अनुसार मुद्दाको प्रकृति हेरेर फरक मुद्दा व्यवस्थापनको कामले जनताप्रति न्यायालयको भरोसा बढाउँदै लगेको छ । "सर्वोच्च अदालतसहित सबै अदालतले रणनीतिक योजनामार्फत मुद्दा सङ्ख्या घटाउँदै लैजाने, दुई वर्ष काटेका मुद्दा शून्य पार्ने जस्ता काम भइरहेको छ", उहाँले भन्नुभयो, "सबै मुद्दा एउटै प्रकारका नहुने भएकाले यसको प्रकृतिका आधारमा फैसला प्रदान गर्दा न्यायप्रणाली सहज बन्दै गएको छ ।"

अदालतका रजिष्ट्रार भुषालका अनुसार चालु आर्थिक वर्षको असोज मसान्तसम्म २४८ मुद्दा दर्ता भएकोमा ६९ वटा फछ्र्यौट भइसकेको छ । सुरु मुद्दा चार, साधन एक, रिट ३१, फुटकर निवेदन ३९ र प्रतिवेदन ३२ दर्ता भएकोमा बताइएको छ । चालु आर्थिक वर्षमा अदालतमा कूल ६१३ मुद्दा कायम हुने र ४६८ वटा फछ्र्यौटको लक्ष्य राखिएको छ । जनतालाई न्यायमा पहुँच बढाउनका लागि अदालतको वेवसाइटमार्फत सूचना सार्वजनिक गर्ने, सूचना पाटी व्यवस्थापन गर्ने, सूचना र सहायता कक्ष स्थापना, सूचना अधिकारीको व्यवस्था, एसएमएस सेवा सुरु गरिएको अदालतले जनाएको छ ।

चौथो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्य र उद्देश्य पूरा गर्न अदालतले वार्षिक कार्ययोजना बनाएर लागू गरेको छ ।

# कालाबाङ्गमा विद्युत् सेवा

रासस

बेनी, २१ कार्तिक

वर्षौंदेखि टुकी र सिठाको धिपधिपे उज्यालोमा जीवनयापन गर्दै आएका म्याग्दीको रघुगङ्गा गाउँपालिका–६ पाखापानी कालाबाङ्गवासी केन्द्रीय प्रसारण लाइनको विद्युतले गाउँ नै भिलीमिली भएपछि खुसी छन् ।

पाखापाखानीको कमथानबाछ घण्टीवाङ, टेङ्गेरेङ, पेक्ना, पुतपुत र कालावाङ्ग बस्तीका ५० घरमा विद्युत् विस्तार भएको छ । नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रले यी गाउँमा विद्युतीकरण गरेपछि गाउँ उज्यालो भएको रघुगङ्गा–६ का वडाध्यक्ष मनकुमार शेरपुंजाले बताउनुभयो ।

यसअघि त्यहाँका बासिन्दा लघुजलविद्युत् परियोजनाको बिजुली, सोलार र टुकीमा निर्भर थिए । केन्द्रीय लाइन विस्तारपछि टेलिभिजन हेर्न, कम्प्युटर र ल्यापटप चलाउन, मोबाइल चार्ज गर्न, घरायसी काम गर्न र उद्योग व्यवसाय सञ्चालन गर्न सहज भएको उहाँले जानकारी दिनुभयो । विद्युतीकरणका लागि हेलिकोप्टरबाट ट्रान्सफर्मर ढुवानी गरिएको थियो । रायखोर, मुलपानी र उल्लेरीका ९१ घरमा ६५० जनसङ्ख्याको बसोबास छ ।

# सहिदको स्मृतिमा भवन निर्माण, मन्त्री श्रेष्ठद्वारा उद्घाटन

पोखरापत्र संवाददाता

दमौली, २१ कार्तिक

तनहुँको बन्दीपुर गाउँपालिका–१ निवासी स्व. शोभाकान्त पोखरेलको स्मृतिमा भवन निर्माण गरिएको छ । विसं २०५५ सालमा सहादत प्राप्त गर्नुभएका सहिद शोभाकान्त पोखरेलको स्मृतिमा बन्दीपुर गाउँपालिकाले स्मृति भवन निर्माण गरेको हो ।

गाउँपालिकाको रु दश लाखको लगानीमा निर्माण सम्पन्न भएको भवनको आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले उद्घाटन गर्नुभयो । भवन निर्माणका लागि स्थानीयवासी कमलनारायण खड्गीले तीन आना जग्गा दान गर्नुभएको थियो । शोभाकान्त पोखरेल विसं २०५५ साल जेठ १४ गते प्रहरीबाट मारिनुभएको थियो । प्रहरीले सञ्चालन गरेको किलो शेरा–२ अभियानका क्रममा पोखरेललाई बन्दीपुरको धरमपानीस्थित सेती नदी किनारमा सहादत प्राप्त गर्नुभएको थियो । भवनको उद्घाटन गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री



श्रेष्ठले सहिदको सपना पूरा गर्न लागुपर्नेमा जोड दिनुभयो । सहिदले देखेका सपना पूरा भए मात्रै उनीहरुप्रति सच्चा श्रद्धाञ्जली हुने मन्त्री श्रेष्ठको भनाइ थियो ।

फरक प्रसङ्गमा मन्त्री श्रेष्ठले बन्दीपुर र समग्र तनहुँको विकासको जिम्मा आफूले लिएको बताउनुभयो । अहिलेसम्म चुनाव जित्न नसकेका केही राजनीतिक दलले आफूलाई निषेध गर्न खोजेको भन्दै मन्त्री श्रेष्ठले त्यस्तो निषेध र विरोधले केही नहुने बताउनुभयो । 'तनहुँ क्षेत्र नम्बर–१ का जनताको मतले जितेको सांसद हूँ, अहिले मन्त्री भएको छु,' मन्त्री श्रेष्ठले भन्नुभयो, 'व्यक्तिगत रुपमा मलाई केही गर्नु छैन, जनताका लागि सधैँ काम गर्नेछु ।'

बन्दीपुर गाउँपालिका–१ का वडाध्यक्ष भानुभक्त पोखरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संविधानसभा सदस्य सीता पोखरेल, गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापा, नेकपा (एकीकृत समाजवादी)का पोलिटव्युरो सदस्य प्रतापलाल श्रेष्ठ लगायतले सहिद पोखरेलको स्मरण गर्नुभएको थियो ।

# जनताको भरोसा टुट्न दिन्न : श्रममन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता

दमौली, २१ कार्तिक

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले तनहुँ क्षेत्र नं १ का जनताले आफूलाई भरोसा गरेकाले सो भरोसा टुट्न नदिने बताउनुभएको छ । व्यास नगरपालिका–१ स्थित निर्मल जनसुधार आमा समूहले आइतबार आयोजना गरेको शुभकामना आदानप्रदान तथा बधाई ज्ञापन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले जनताप्रति सधैँ उत्तरदायी भएर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

जनताको भावनाअनुसार विकास निर्माणका कामका लागि सदैव प्रतिबद्ध रहेको जनाउँदै उहाँले भन्नुभयो, "विगतमा जिल्लावासीको हितका लागि काम गर्दै आएको छु, जिल्लाको विकासका लागि सधैँ क्रियाशील रहन्छु ।"

स्थानीयवासीले मन्त्री श्रेष्ठलाई विभिन्न विकासका मागसहित ज्ञापनपत्रसमेत बुझाएका थिए । आमा समूहकी अध्यक्ष अम्बिका पाण्डेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा (एकीकृत समाजवादी) का पोलिटब्यूरो सदस्य प्रतापलाल श्रेष्ठ, केन्द्रीय सदस्य शङ्करनारायण श्रेष्ठलगायतले धारणा व्यक्त गर्नुभएको थियो ।

# सल्यान बस दुर्घटना अपडेट : १२ को मृत्यु, १० को सनाखत

रासस

काठमाडौं, २१ कार्तिक

सल्यानमा यात्रुबाहक बस दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको छ ।

जिल्लाको दुल्धारा पोखराबाट दाङको तुलसीपुरका लागि छुटेको रा १ ख २५५२ नम्बरको बस कपुरकोट गाउँपालिका–५ खारखोलामा आइतबार बिहान दुर्घटना भएको हो ।

मृत्यु हुनेमा सल्यानको शारदा नगरपालिका–१२ हाल दाङको तुलसीपुर उपमहानगरपालिका–६ का ५३ वर्षीया प्रभा चलाउने, शारदा नगरपालिका–२ की ६१ वर्षीया मीना डाँगी, सल्यान शारदा नगरपालिका–३ की ६६ वर्षीया लीला बुढाथोकी, त्रिवेणी गाउँपालिका–१ काभ्राकी २४ वर्षीया मीना शाही रहेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ । दाङको बबई गाउँपालिका–४ की ६० वर्षीया डुली रेउले, सोही गाउँपालिका–६ की ७० वर्षीया कलावती बुढाथोकी, दाङको घोराही उपमहानगरपालिका नारायणपुरकी ६५ वर्षीया इन्द्रा अधिकारी, सल्यानको छत्रेश्वरी गाउँपालिका–२ का २९ वर्षीय तिलक ओली, दाङ शान्तिनगर गाउँपालिका–८ की ३५ वर्षीया सावित्रा केसी र दाङ कोरवाङकी पाँच वर्षीय सुरज ओली रहेको जिल्ला प्रहरीले जनाएको छ । बसमा ३७ जना सवार रहेको प्रहरीले अनुमान गरेको छ । घाइतेमध्ये १३ जनालाई थप उपचारका लागि हेलिकप्टरमार्फत नेपालगञ्ज रिफर गरिएको छ भने अन्य सबैको सल्यान जिल्ला अस्पतालमा उपचार भइरहेको छ ।प्रहरीका अनुसार आठ जनाको घटनास्थलमै ज्यान गएको हो भने बाँकीको उपचारका क्रममा मृत्यु भएको हो । चालक भने फरार भएका छन् । प्रहरीले उनको खोजी गरिरहेको छ । बस सडकबाट २०० मिटर तल खसेको थियो ।

# पत्रकार आस्थाद्वारा वृद्धाश्रमलाई खाद्यान्न सहयोग

पोखरापत्र संवाददाता

पोखरा, २१ कार्तिक

वरिष्ठ सञ्चारकर्मी एमबी आस्था मगरले आफ्ना छोरा शालीन घर्ती मगरको जन्मदिनका अवसरमा वृद्धाश्रमलाई खाद्यान्न सहयोग गर्नुभएको छ । पोखरा–१४ बाच्छेबुडुवामा अवस्थित वात्सायन वृद्धाश्रममा हाल १६ वृद्धा आश्रित छन् ।

उक्त अवसरमा कालिका गण पोखराका गणपति प्रहरी उपरीक्षक जनक बस्नेतले वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई सहयोग गर्नु सबैको दायित्व भएको र आगामी दिनमा आफ्नोतर्फबाटसमेत सहयोग गर्ने जानकारी दिनुभयो । वृद्धाश्रमका संस्थापक अध्यक्ष गोकर्ण कार्कीले हालसम्म सरकारी सहयोगनपाएको र विभिन्न व्यक्तिको सहयोगबाट नै वृद्धाश्रम सञ्चालन भइरहेको जानकारी दिनुभयो । विशेषगरी पछिल्लो समयवृद्धाश्रममा जन्मदिन मनाउने बढी मात्रामा आउने गरेको जनाउँदै उहाँले वृद्धाश्रममा सहयोग गर्ने दाताकै कारण वृद्धाश्रममा केही कुराको कमी नरहेको बताउनुभयो । सञ्चारकर्मी एमबी आस्थाले अहिले विभिन्न क्लब तथा रेष्टुरेण्टमा गएर जन्मदिन मनाउने प्रचलन बढ्दो मात्रामा रहेको र यस्ता फजुल खर्चलाई केही भए पनि सामाजिककार्यमा लगाउन सके पुण्य प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । उक्त अवसरमा वृद्धाश्रमका अध्यक्ष वोधराज कार्की, उपाध्यक्ष रेशम जिसी, सचिव ललित बानियाँलगायतले समाजसेवामा जुट्न आह्वान गर्नुभएको थियो । यसैबीच समाजसेवी टीकाकुमारी गुरुङले आफ्नो जन्मदिनका अवसरमा वृद्धाश्रमलाई रु १० हजार १०० प्रदान गर्नुभएको छ । उक्त रकम वृद्धाश्रमका अध्यक्ष कार्कीलाई उनका पति मुनेश थापासहित गुरुङले हस्तान्तरण गर्नुभएको थियो ।

# म्याग्दीका पाटीपौवा र ढुङ्गेधारा लोप हुँदै

-धुवसागर शर्मा
म्याग्दी, २१ कार्तिक

गाउँका विकट बस्तीमासमेत सडक पुगेपछि म्याग्दीका विभिन्न ठाउँमा बटुवाका लागि बनाइएका पाटीपौवा र धर्मशाला लोप हुँदै गएका छन् ।

सडक सुविधाको पहुँच, आधुनिक जीवनशैली, बसाइँसराइलगायत कारणले ग्रामीण जीवनको अभिन्न अङ्गका रुपमा रहेका प्राचीन तथा ऐतिहासिक ग्रामीण सम्पदा लोप हुन थालेका हुन् । बढ्दो शहरीकरण र संरक्षणको अभावमा सांस्कृतिक र ऐतिहासिक महत्वका पाटी, पौवा, धर्मशाला, पँधेरा र ढुङ्गेधारा दिनप्रतिदिन हराउँदै जान थालेको स्थानीयवासीले बताएका छन् ।

बढ्दो जनसङ्ख्या र अव्यवस्थित बस्ती विकासका कारण परम्परागत प्रविधि र कलात्मक शैलीमा निर्माण गरिएका यस्ता सम्पदा भत्काइनाका साथै संरक्षण र जीर्णोद्धारको अभावमा पुरिएकाले अहिले गाउँघरमा यी सम्पदा लोप हुँदै गएको बेनी नगरपालिका-४ सुर्केमेलाका शशिधर सापकोटाले बताउनुभयो । विगतमा सडक सञ्जाल र होटल रेस्टुरेन्टको सुविधा नभएकाले बटुवा तथा तीर्थयात्रीलगायतको सुविधाका लागि विभिन्न ठाउँमा निर्माण गरिएका यस्ता सम्पदा संरक्षणको अभावमा सङ्कटमा परेको उहाँको भनाइ थियो । धर्मशाला, पाटीपौवा, चौतारी निर्माण गर्ने र तिर्खाएका बटुवालाई पिउनका पानी राखिदिने परम्परा अहिले हराएको छ ।

एक दशकअघिसम्म ग्रामीण क्षेत्रमा धर्मशाला, पाटीपौवाको प्रयोगमा आउँथ्यो तर अहिले त्यस्ता सम्पदा जीर्ण बनेका छन् ।स्थानीय सरकार र सरोकार निकायको समेत यसप्रति ध्यान नपुगेको स्थानीयवासीको गुनासो छ । पाटीपौवा धर्मशाला बास बस्नका लागि तथा थकाइ मार्न र भारी बिसाउनका लागि चौतारी निर्माण गरिन्थ्यो भने प्यास मेटाउनका लागि धर्मशालामा माटोको घैँटो राखेर चिसो पिउने पानी राखिदिने चलन थियो तर अहिले यो चलन हराएकामा बुढापाका चिन्तित छन् ।

बाटोको छेउछाउमा पाटीपौवा र धर्मशाला निर्माण गरेर बाटो हिँड्ने बटुवाका लागि पिउने पानी राखिदिँदा पुण्य आर्जन हुने ज्यामरुककोटका बेदप्रसाद उपाध्यायले बताउनुभयो । बटुवा दिनभर हिँड्दा थकित हुने र बास बस्नका लागि बस्ती नभेट्टाउने हुँदा रात बिताउन र तिर्खा मेटाउनका लागि धर्मशाला निर्माण गर्ने गरिएको उहाँले सुनाउनुभयो । पहिलेपहिले अहिलेको जस्तो होटलको व्यवस्था र सडकको सहज पहुँच नभएकाले बटुवालाई बास बस्नका लागि धर्मशाला बनाइने गरिन्थ्यो । “पहिले त अहिलेको जस्तो होटल थिएनन्, सडकको सुविधा पुगेको थिएन, गाडी चल्दैनथे, अहिले जताततै गाडी गुड्छन्, एक ठाउँबाट अर्को ठाउँमा पुग्न दिनभर हिँड्नुपर्थ्यो, हिँडदाहिँड्दै साँझमा कुनै बस्ती नभएको ठाउँमा पुगियो भने धर्मशालामा बस्ने गरिन्थ्यो”, स्थानीयवासी उपाध्यायले भन्नुभयो, “रातभर त्यही धर्मशालामा बसेर अर्को दिन आफ्नो गन्तव्यतर्फ लागिन्थ्यो, अहिले त सर्र गाडी चढ्यो, एक/दुई दिन लाग्ने ठाउँमा पनि एकैछिनमा पुग्न सकिन्छ ।” ग्रामीण क्षेत्रमा सडक विस्तारले व्यापकता पाएसँगै म्याग्दीमा यस्ता मौलिक सम्पदा र परम्परा अत्यन्तै कम देख्न पाइन्छ । ग्रामीण क्षेत्रमा इतिहासको साक्षी बनेर रहेका ऐतिहासिक पाटीपौवा, धर्मशाला भत्किएका छन् भने केहीका अवशेषसमेत बाँकी छैनन् । ग्रामीण क्षेत्रका सौन्दर्य र आवश्यकतासँग जोडिएका यस्ता सम्पदाको संरक्षणमा स्थानीय पालिकाले चासो देखाउन जरुरी भएकामा स्थानीयवासीले जोड दिए । यात्रुको सुविधाका लागि बनाइएका पाटीपौवा र धर्मशाला पछिल्लो समय सडकका कारण हराउँदै गएको धवलागिरि गाउँपालिका-७ का गोपाल आचार्यले बताउनुभयो । जिल्लाका विभिन्न ठाउँमा रहेका दर्जनौँ पाटीपौवा र धर्मशालाको अस्तित्व संरक्षण र उपभोग अभावमा सङ्कटमा परेको उहाँको भनाइ थियो ।

यता बेनी नगरपालिका-६ ले भने यस्ता ऐतिहासिक सम्पदाको संरक्षणमा जोड दिँदै आएको छ । वडाध्यक्ष कृष्णबहादुर बानियाँले पुराना ऐतिहासिक सम्पदाको संरक्षणमा आफूहरू निरन्तर लागिपरेको र पालिकाले पनि यसको संरक्षणका लागि बजेट विनियोजन गरिरहेको बताउनुभयो । आफ्नो वडामा पनि मौलिक सम्पदा लोप हुँदै गएकाले तिनको संरक्षणका लागि वडा कार्यालय र युवालाई जागरुक बनाइएको उहाँको भनाइ थियो ।

स्थानीय सरकारले उच्च स्थानमा अनावश्यकरूपमा कङ्क्रिटका भ्यूटावर निर्माण गर्छन् तर यस्ता ऐतिहासिक सम्पदाको संरक्षणमा ध्यान दिँदैनन् । लाखौँ रुपैयाँ खर्चेर भ्यूटावर निर्माण गर्नुभन्दा यस्ता पुराना ऐतिहासिक सम्पदाको संरक्षण गर्न आवश्यक रहेको सरोकार राख्ने व्यक्तिले बताए । ग्रामीण क्षेत्रमा सडकको पहुँच पुगेसँगै कङ्क्रिटका पक्की घर निर्माण हुनेक्रम बढ्दै गएको छ । घरभित्रै बाथरुम (स्नान कक्ष), शौचालय र भान्छामा नै पानीको धारा भएपछि गाग्री बोकेर पँधेरामा पानी लिन जाने झन्झटबाट गृहिणीले मुक्ति पाए पनि ग्रामीण सौन्दर्यका चिनारी पँधेरा र ढुङ्गेधारा लोप हुँदै गएपछि गाउँको सौन्दर्य पनि नासिएको छ । पछिल्लो समय प्रविधिमा आएको परिवर्तनसँगै पँधेरा र ढुङ्गेधाराको उपयोगमा पनि कमी आएको र अव्यवस्थितरुपमा खनिएका मोटरबाटो तथा पाइपमार्फत घरघरमा पानी पुऱ्याउने होडबाजीमा कतिपय जलसम्पदा पुरिएका छन् ।

ग्रामीण भेगमा रहेका कैयौँ पँधेरा र ढुङ्गेधारा लोप भइसकेका र भावी पुस्ताले यस्ता परम्परागत मौलिक सम्पदा देख्न नपाउने हुँदा भएका सम्पदाको संरक्षण गर्न स्थानीय तहले नै सक्रियता देखाउनुपर्ने उनीहरुको भनाइ थियो ।



ट्रि हाउस अवलोकन गर्दै पर्यटकः तनहुँको म्याग्दे गाउँपालिका-२ ज्यानटाङ सामुदायिक वनमा निर्माण गरिएको ट्रि हाउस अवलोकनका लागि पुगेका आन्तरिक पर्यटक । तिहार बिदाका कारण उक्त ठाउँमा अहिले पर्यटकको चहलपहल बढेको छ । तस्बिरः कृष्ण न्यौपाने/रासस

# बेनी अस्पतालमा जनशक्ति र पूर्वाधार अभाव

पोखरापत्र संवाददाता
म्याग्दी, २१ कार्तिक

यहाँस्थित बेनी अस्पतालमा जनशक्ति र पूर्वाधार अभावमा सेवा प्रभावित भएको छ । पचास शय्या क्षमताको अस्पतालले अस्थायी संरचना र करार जनशक्तिका भरमा ६४ शय्या सञ्चालन गरेको छ ।

पन्ध्रबाट ५० शय्यामा स्तरोन्नति भएको पाँच वर्षसम्म पनि अस्पतालको नयाँ भवन निर्माणले पूर्णता पाउन र दरबन्दीअनुसारका जनशक्ति व्यवस्थापन हुनसकेको छैन । फरक-फरक ठाउँमा अस्थायी संरचना बनाएर सघन उपचार, डायलायसिस, कोभिड र बालरोग उपचार कक्ष थपेर ६४ शय्याको सेवा सञ्चालन गरेको छ । अस्पतालमा कार्यरत अधिकांश चिकित्सक र स्वास्थ्यकर्मी करारका भएका प्रमुख चिकित्सक जितेन्द्र कँडेलले जानकारीदिनुभयो । “नौ चिकित्सक र सात स्टाफ नर्सले छ वार्ड चलाउनुपरेको छ”, उहाँले भन्नुभयो, “सबै दरबन्दीको पदपूर्ति नहुँदा कार्यरत चिकित्सक र नर्सलाई कार्यबोझ परेको छ ।” अस्पतालमा हाल स्थायी र करार दरबन्दीका विभिन्न पदमा १२३ चिकित्सक, कर्मचारी र स्वास्थ्यकर्मी छन् । दक्ष र आवश्यक जनशक्ति नहुँदा नियमितरूपमा सघन उपचार कक्ष (आइसीयू) सञ्चालनमा ल्याउन नसकिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले बताउनुभयो । “आइसीयू कक्ष नियमितरूपमा सञ्चालन गर्नका लागि कम्तीमा एक/एक जना इन्टरनल मेडिसिन र बेहोस बनाउने चिकित्सक (एनएसथीसियोलोजिस्ट) आवश्यक पर्छ”, उहाँले भन्नुभयो, “अस्पतालमा हाल मौजुदामध्य थप छ जना चिकित्सक र १२ स्टाफ नर्स आवश्यक पर्छ ।” सर्वसाधारणले समयमा सेवा नपाउने, भएका जनशक्तिलाई कामको बोझ हुने र जिल्ला बाहिर जानुपर्ने समस्या भएको स्थानीयवासी बालकृष्ण सुवेदीले बताउनुभयो । गत आर्थिक वर्ष २०७७/७८ मा ३५ हजार १७४ जनालाई सेवादिएको अस्पतालबाट २० जनाले डायलायसिस, १२३ वटा शल्यक्रियामार्फत गरिनेसहित ७३४ जनाले प्रसूति र २०३ जना कोरोना सङ्क्रमितको उपचार भएको छ । निर्माण व्यवसायी महासङ्घका केन्द्रीय अध्यक्षसमेत रहनुभएका रबि सिंहसमेत संलग्न महादेव-खिम्ती-गल्वा-रफिना जेभीले विसं २०७३ मङ्सिरमा रु १८ करोड ८४ लाखमा ठेक्का लिएको बेनी अस्पतालको भवन निर्माणकार्य एक वर्षयता अलपत्र छ । विसं २०७६ मङ्सिरमा सकिनुपर्ने चारतले तीनवटा भवन निर्माणको हालसम्मको भौतिक प्रगति ६० प्रतिशत रहेको सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय बागलुङका प्रमुख प्रभाकरलाल कर्णले बताउनुभयो । “विभिन्न चरणमा भएको लिखित र मौखिक प्रतिबद्धताअनुसार भवन निर्माणलाई गति दिन नसकेपछि ठेकेदारलाई कालोसूचीमा राख्ने प्रक्रिया थालेका छौँ”, उहाँले भन्नुभयो, “जमानी बसेको बैंकलाई पहिलो चरणको पत्र काटेका छौँ । अब पत्रिकामा सार्वजनिक सूचना जारी गर्छौं ।”

नयाँ भवन बनाउन पुरानो भत्काइएपछि बहिरङ्ग कक्ष अस्थायी भवन, आकस्मिक र अन्तरङ्ग कक्ष प्रशासनिक भवनबाट सञ्चालन भएको छ ।

स्वास्थ्य कार्यालयको भवनमा प्रशासन, व्यवस्थापन समितिको कार्यालय, डायलायसिस र आइसीयू कक्ष राखिएको अस्पतालको नयाँ भवन निर्माणलाई पूर्णता दिएर दरबन्दीअनुसारका जनशक्तिको व्यवस्थापनमा माथिल्लो निकायले वास्ता नगरेको व्यवस्थापन समितिका अध्यक्ष कटुवालले गुनासो गर्नुभयो ।

# मालढुङ्गा प्रहरी चौकी : झरी पर्दा ओत लाग्ने र घामलाग्दा शीतल बस्ने ठाउँ छैन

पोखरापत्र संवाददाता
बागलुङ, २१ कार्तिक

बागलुङ प्रवेशद्वारमा रहेको मालढुङ्गा प्रहरी चौकी अझै अस्थायी छाप्रोमा सञ्चालनमा छ । चौकीमा झरी पर्दा ओत लाग्ने र घामलाग्दा शीतल बस्ने स्थान पनि छैन ।

प्रहरी उपरीक्षक कृष्णबहादुर पल्ली मगरका अनुसार जिल्ला प्रवेश गर्ने प्रहरी चौकी र ट्राफिक प्रहरीको जाँचचौकीसमेत गर्दा यहाँ १५ जनाको दरबन्दी छ । अन्यत्रको चौकीमैं रात परेपछि सुतिहाल्न पनि मिल्दैन । त्यसैले मालढुङ्गामा चौबीसै घण्टा पहरा चाहिन्छ । राजमार्ग भएकाले सवारी जाँच गर्नुपर्छ । जस्तोसुकै मानिससँग छलफल र बहस गर्नुपर्छ । आफ्नो भवनको समेत सुरक्षा नभएको स्थानमा प्रहरीले जनताको सुरक्षाको काम गरिरहेका छन् । प्रहरीले पनि चौकी भनेर बताउनै अप्ठेरो मान्नुपर्ने स्थिति छ । यहाँको शौचालयसमेत साँघुरो छ ।

हावाहुरी आउँदा चौकीको जस्तापाता पटक-पटक उडाएर लैजान्छ । वर्षातमा पानी चुहिन्छ । होचो भएकाले घाम लाग्दा बसिनसक्नु गर्मीले सताएकोसमेत उनीहरूले गुनासो गरे । प्रहरी सहायक निरीक्षकसहित १५ जनाको दरबन्दी छ । यहीँ चौकीमै बस्ने गरी दुई जना ट्राफिक दरबन्दी पनि छ । तर तीन कोठामै खाना पकाएर खाने मेस, कार्यालय, सबैजना सुत्नेबस्ने गर्नुपर्ने बाध्यता छ । खुला स्थानमा नुहाउनुपर्ने बाध्यता पनि छ ।

प्रहरीले रेकर्ड रजिस्टर र बरामद भएका काजगात जोगाउनसमेत हम्मेहम्मे परेको गुनासो गर्नुभयो । चुहिने कोठा, हावाले उडाउने र धुलाम्मे हुने छाप्रोमा सामान सुरक्षित राख्नसमेत कठिन भएको प्रहरी सहायक निरीक्षक विनय रेग्मीले गुनासो गर्नुभयो । “हामीले त समस्या भएको कुरा जाहेर गरेका छौं, दुःखले बस्न बाध्य छौं”, उहाँले भन्नुभयो । चौकीबाट सडकको काममात्रै हेरेर पनि पुग्दैन । भकुण्डे र बलेवा क्षेत्रका केही स्थानमा हुने घटनाको समेत उनीहरूले अनुसन्धान गर्नेलगायतको काम गर्नुपर्छ ।

सडक दुर्घटना भएमा पहिलो सूचना ल्याउने र जिल्ला प्रहरीमा जाहेर गर्ने काम पनि उनीहरूकै हो । ती सबै काम गर्न र डाटा राख्नका लागि कम्प्युटरसहितको व्यवस्था हुनुपर्नेमा कागजमा लेखेरै राख्नुपरेको उहाँले बताउनुभयो ।

जिल्ला प्रहरी प्रमुख कृष्णबहादुर पल्लीमगरले यस विषय दुःखदायी भएको बताउनुभयो । “यो विषय गम्भीर हो, पहिचान झल्काउन पनि चौकी बन्नुपर्छ”, उहाँले भन्नुभयो, “सरकारी मान्यताअनुसारको जग्गा नपाएर चौकी बनाउन नपाइएको हो ।” सरकारी मापदण्डमा तीन रोपनी जमिन खोजेपछि मात्रै गृह मन्त्रालयले चौकी निर्माणका लागि बजेट दिने गर्छ । जग्गा नभएकै कारण बजेट माग गर्न नसकेको उहाँले बताउनुभयो । झण्डै २५ वर्षअघि बागलुङमा नियमित सवारी साधन चल्न थालेपछि जिल्लाको प्रवेशद्वारमा प्रहरीले सुरक्षा दिन थालेको थियो । प्रहरीको अस्थायी बिटका रूपमा बस्न थालेको डेढ दशक बितिसक्यो । अन्यत्रका प्रहरी चौकी पक्की घरमा बसेका छन् । तारबार लगाइएको छ । कम्तीमा पाँचदेखि सात कोठा छन् । त्यहाँ कार्यालय प्रमुखको कक्ष, अन्य जवानको कक्ष, मेस र हतियार राख्ने कक्षसमेत छन् ।

# तिहार सकिएसँगे छठको तयारी

रासस
काठमाडौं, २१ कार्तिक

नेपालीको दोस्रो ठूलो चाड तिहार सकिएसँगै राजधानीलगायत तराईका जिल्लामा छठको रौनक सुरु भएको छ । पशुपति क्षेत्रस्थित गुह्येश्वरी मन्दिरमुनिको वाग्मती किनारमा आकर्षकरूपमा छठ घाट निर्माण सुरु भएको छ । गुह्येश्वरीबाट गौरीघाटसम्म आकर्षकरूपमा सजाएर छठ घाट अर्थात् पूजास्थल निर्माण भइरहेको छ । यस क्षेत्रमा ६७५ वटा छठ घाट अर्थात् पूजास्थल निर्माण गरिएको गुह्येश्वरी गौरीघाट छठ पूजा समितिका सचिव नवलकिशोर यादवले राससलाई जानकारी दिनुभयो ।

तयारीका लागि यस क्षेत्रमा सफाइ, माटो सम्याउनेलगायत काम पनि भइरहेको छ । छठ पर्वको तयारीस्वरुप कात्तिक २० गते शनिबारको वाग्मती सफाइ पनि यसै क्षेत्रमा गरिएको थियो । एउटा छठ घाट पूजाका लागि रु एक हजार १०० शुल्क समितिले लिने गरेको छ । छठका लागि आवश्यक तयारीको खर्च जुटाउन शुल्क लिने गरिएको उहाँले सुनाउनुभयो । गत वर्ष कोरोनाका कारण छठ पूजा स्थगित गरिएको थियो । विसं २०७६ मा पशुपति क्षेत्र विकास कोषले पनि गुह्येश्वरी गौरीघाट छठ पूजा समितिलाई रु छ लाख सहयोग गरेको थियो । यस वर्ष पनि सहयोग गर्ने वचन प्राप्त भएको समितिले जनाएको छ ।

यसैगरी कमलपोखरी, नागपोखरीलगायत स्थानमा पनि छठ मनाउन छठ घाट अर्थात् पूजास्थल निर्माण भइरहेको छ । अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ मनाइन्छ । छठको विधि भने कोजाग्रत पूर्णिमाको भोलिपल्ट अर्थात् कार्तिक कृष्ण प्रतिपदादेखि नै सुरु हुने बताइन्छ । छठ व्रत बसेर छठ घाटभित्र प्रवेश गरेर सूर्यलाई पूजा आराधनासहित अर्घ्य दिनेले कार्तिक कृष्ण प्रतिपदादेखि नै लसुन, प्याजलगायत तामसी खाद्य परिकार नखाई शुद्ध बस्ने व्रत विधि छ । कार्तिक शुक्ल पञ्चमीका दिन बर्तालुले सक्खर र घिउलगायत शुद्ध खाद्य पदार्थबाट बनेको खरना खान्छन् । यसलाई पनि छठको एउटा विधिका रूपमा लिइन्छ । बर्तालुले छठको मुख्य दिन कार्तिक शुक्ल षष्ठीका दिन बेलुकी अस्ताउँदो सूर्यलाई अर्घ्य दिन्छन् । यस वर्ष कात्तिक २४ गते बुधबार यस पर्वको मुख्य दिन परेको छ । भोलिपल्ट अर्थात् कार्तिक शुक्ल सप्तमीका दिन उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ पर्व समापन हुन्छ । कृषि प्रधान देशमा यो पर्व कृषि सामग्रीसँग पनि जोडिएको समितिका सचिव यादव बताउनुहुन्छ । नयाँ अन्न बाली उत्पादन भएर किसानको घरमा भित्रिने यो समय देवतालाई ती अन्न चढाउने अवसरका रूपमा समेत उपयोग गरिँदै आएको छ ।

दुई दशकअघिसम्म तराई क्षेत्रमा मात्र विशेषरूपमा मनाइने छठ पर्व पछिल्लो समय काठमाडौँलगायत पहाडी जिल्लामासमेत धुमधामका साथ मनाउन थालिएको छ । विगत वर्षमा काटिएको छठ पर्वको सार्वजनिक बिदालाई सरकारले यस वर्षदेखि भने फेरि निरन्तरता दिएको छ । पर्वका अवसरमा कात्तिक २४ गते बुधबार सार्वजनिक बिदा दिइएको छ ।

# गौतमबुद्ध विमानस्थलमा एरो थाईले क्यालिब्रेसन फ्लाइट गर्ने

रासस
काठमाडौं, २१ कार्तिक

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको यान्त्रिक परीक्षण उडान (क्यालिब्रेसन फ्लाइट) गर्न थाइल्याण्डको एरो थाईले अनुमति पाएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले पूर्व सम्झौता अनुरुप एरो थाईलाई क्लालिब्रेशन फ्लाइट गर्न अनुमति दिएको हो । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको भैरहवा (रुपन्देही) मा निर्माण गरिएको गौतमबुद्ध विमानस्थल क्यालिब्रेशन फ्लाइटका लागि तयारी अवस्थामा छ । क्यालिब्रेसन फ्लाइट भनेको विमानस्थलमा विमान उडान र अवतरणका साथै अन्य कार्य निर्देशित गर्न धावनमार्ग, टावरलगायतका क्षेत्रमा जडान भएका उपकरणले काम गरेका छन् या छैनन् भनेर परीक्षण गर्ने प्रक्रिया हो । यसका लागि जहाज नै ल्याएर उडान अवतरण गर्नुपर्छ ।

एरो थाइले क्लालिब्रेसन फ्लाइट गर्ने अनुमति पाएसँगै परीक्षण उडानको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको प्राधिकरणका महानिर्देशक राजकुमार क्षेत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार अबको एकमहिनाभित्रै परीक्षण उडान हुनेछ । त्यसबीचमा प्राधिकरणले आन्तरिक तयारी गर्नेछ । एरो थाई थाइल्याण्डको प्रतिष्ठित हवाई कम्पनी हो । थाई एयरवेजका लागि एटिसिलगायत प्राविधिक जनशक्ति एरो थाइले उपलब्ध गराउने गरेको बताइन्छ । आगामी नोभेम्बर २२ तारिखमा एरो थाईले प्राविधिक जनशिक्तसहित नेपालमा जहाज ल्याएर प्रक्रिया पुरा गरी क्लालिब्रेसन फ्लाइट गर्ने प्राधिकरणले जनाएको छ । यो काम एकसाता अवधिको हुनेछ । कोभिड-१९ महामारीका कारण अघिल्लो वर्ष नै उद्घाटन गर्ने भनिएको उक्त आयोजना केही बिलम्ब भएको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनबमोजिम प्राधिकरणले क्लालिब्रसन फ्लाइटको टुङ्गो लगाएको हो । महानिर्देशक क्षेत्रीले भूकम्प, नाकाबन्दी तथा ठेकेदारले बेलैमा पैसाको जोहो र निर्माण सामग्री गर्न नसक्नुले पनि आयोजना सम्पन्नमा ढिलाइ भएको छ । स्थानीय तहसँगको समन्वय गर्न नसक्नु तथा पछिल्लो कोभिड-१९ महामारीको कारण आयोजना प्रभावित बन्यो । क्यालिब्रेसन फ्लाइट विदेशीलाई पैसा तिरे पनि गुहार्नुपर्ने कारणले पनि आयोजना ढिलो भएको उहाँले बताउनुभयो । महाप्रबन्धक क्षेत्रीले भन्नुभयो, “गौतमबुद्ध विमानस्थलको प्राविधिक प्रक्रिया लगभग पूरा गरिसकेका छौं, तुरुन्त गर्नुपर्ने केलिब्रेसन फ्लाइट, अबको एक महिनाभित्रै सक्छौं, त्यसको तीन महिनाभित्र परीक्षण उठान गरी अर्को पाँच महिनाभित्र व्यावसायिकरुपमा सञ्चालनमा ल्याउने योजना छ ।”